# व्यावसायिक बहिरोपन क्षतिपूर्ति योजना



रोजगारीको कारणले होहल्लाको कारण बहिरोपनबाट पीडित व्यक्तिहरुलाई क्षतिपूर्ति दिनको लागि व्यावसायिक बहिरोपन क्षतिपूर्ति योजना व्यावसायिक बहिरोपन (क्षतिपूर्ति) अध्यादेश अन्तर्गत स्थापना गरिएको छ ।

## व्यावसायिक बहिरोपन क्षतिपूर्तिको लागि आवेदन

### *योग्यताको मापदण्ड*

◎ **क्षतिपूर्तिको लागि योग्यता शर्तहरू के-के हुन् ?**

हंगकंगमा तोकिएको होहल्लामा काम गर्न रोजगार पाएको यदि उसले रोजगारीको क्रममा होहल्लाको कारण सुन्ने क्षमता गुमाएमा उसले क्षतिपूर्तिको लागि आवेदन दिन सक्छ । पेशागत बहिरापन एक पेशागत रोग हो र व्यक्ति क्षतिपूर्तिको हकदार हुनु अघिले पेशागत र सुन्ने क्षमतामा क्षतिको दुबै आवश्यकताहरू पुरा गर्नुपर्छ ।

पेशागत बहिरापनहरूको लागि क्षतिपूर्ति दिइने कुनै पनि व्यक्तिले यदि उ / उनी एक निश्चित अवधिमा निर्दिष्ट होहल्लाको व्यवसायमा काम गर्न जारी रहेमा र स्थायी असक्षमताको सुन्ने क्षमताको थप प्रतिशत गुमाउनुपरेमा थप क्षतिपूर्तिको लागि आवेदन दिन सक्नेछ ।

**A. पहिलो पटक क्षतिपूर्ति**

1. *व्यावसायिक आवश्यकताहरू :*

   (क) हंगकंगमा निर्दिष्ट होहल्लाको व्यवसायमा कम्तीमा 10 बर्षको रोजगारी वा विशेष गरि होहल्ला हुने 4 वटा व्यवसायहरूमा कम्तीमा 5 बर्षको रोजगारी; र

   (ख) क्षतिपूर्तिको लागि आवेदन दिनु भन्दा अघि 12 महिना भित्र हंगकंगमा निर्दिष्ट होहल्ला हुने पेशामा निरन्तर सम्झौता अन्तर्गत रोजगार प्राप्त गरेको । (निरन्तर सम्झौता भनेको रोजगारीको सम्झौता हो जहाँ कर्मचारीले सोही रोजगारदाताको लागि 4 हप्ता वा बढीको लागि, दिइएको मिति भन्दा 4 हप्ता वा बढीको लागि, प्रत्येक 4 हप्तामा कम्तीमा 18 घण्टाको लागि काम गरेको छ ।)

2. *सुन्ने क्षमता गुमाउने आवश्यकताहरू :*

   (क) बिनऔरल सुन्ने क्षमता गुमाउने - प्रत्येक कानमा 40 dB भन्दा कम नहुने गरि सेन्सोरिन्युरल सुन्ने क्षमता गुमाउने, जहाँ कम्तीमा एउटा कानमा यस्तो गुमाएको क्षमता होहल्लाको कारणले हुन्छ; वा

   (ख) मोनोरल सुन्ने क्षमता गुमाउने – एउटा कानमा मात्र 40 dB भन्दा कम नहुने गरि सेन्सोरिन्युरल सुन्ने क्षमता गुमाउने, यस्तो गुमाएको क्षमता होहल्लाको कारणले हुन्छ ।

   माथि उल्लेखित सेन्सोरिन्युरल सुन्ने क्षमता 1, 2 र 3 khZ फ्रिक्वेन्सी भन्दा माथि अडियोमेट्री द्वारा मापन गरेको औसत सुन्ने क्षमता गुमाउनेबाट प्राप्त गर्न सकिन्छ ।

## B. थप क्षतिपूर्ति

1. *व्यावसायिक आवश्यकताहरू :*

   (क) उसको / उनको पछिल्लो आवेदनको मिति पछि क्षतिपूर्ति स्वीकृत भएको हंगकंगमा निर्दिष्ट होहल्ला हुने पेशामा कम्तीमा 3 बर्षको कुल रोजगार; **र**

   (ख) थप क्षतिपूर्तिको लागि आवेदन दिनु भन्दा अघि 12 महिना भित्र हंगकंगमा निर्दिष्ट होहल्ला हुने पेशामा निरन्तर सम्झौता अन्तर्गत रोजगारमा रहिरहेको ।

2. *थप स्थायी असक्षमता आवश्यकताहरूको साथमा सुन्ने क्षमता गुमाएको :*

   (क) बिनऔरल वा मोनोरल सुन्ने क्षमता गुमाउने; **र**

   (ख) स्थायी असक्षमताको प्रतिशत क्षतिपूर्ति स्वीकृत गरिएको हालको आवेदन भन्दा बढी छ ।

### ◎ के त्यहाँ आवेदन दिने अन्तिम म्याद छ ?

अझै पनि निर्दिष्ट होहल्ला पेशामा कार्यरत भएका व्यक्ति र माथिका सर्तहरू पूरा गरी कुनै पनि समयमा क्षतिपूर्तिको लागि आवेदन दिन सक्छ ।

निर्दिष्ट होहल्ला पेशामा कार्यरत भएका व्यक्तिले यस्तो पेशामा पछिल्लो पटक रोजगारमा भएको मितिले 12 महिना भित्र आवेदन दिनु पर्नेछ ।

### ◎ कोलाहल गर्ने पेशा के के हुन्?

त्यहाँ निर्दिष्ट होहल्ला पेशाका 29 वटा प्रकारहरू छन् । यसमा संलग्न व्यवसायहरूमा समावेश छन् -

1. धातुमा वा धातुको बिलेट वा ब्लुममा बिजुली द्वारा संचालित पिस्ने उपकरणहरूको पूर्ण रूपमा प्रयोग गर्ने वा मुख्य गरि त्यसको छेउमा ती उपकरणहरू प्रयोग भइरहेको बेलामा कार्य गर्ने;
2. धातुमा वा धातुको बिलेट वा ब्लुममा बिजुली द्वारा संचालित ठोक्ने उपकरणहरूको पूर्ण रूपमा प्रयोग गर्ने वा मुख्य गरि त्यसको छेउमा ती उपकरणहरू प्रयोग भइरहेको बेलामा कार्य गर्ने;
3.* चट्टान, कंक्रीट वा मार्बलमा बिजुली द्वारा संचालित पिस्ने, छिनो चलाउने, काट्ने वा ठोक्ने उपकरणहरूको पूर्ण रूपमा प्रयोग गर्ने वा मुख्य गरि त्यसको छेउमा ती उपकरणहरू प्रयोग भइरहेको बेलामा कार्य गर्ने;
4. प्लान्टको वरिपरि (पावर प्रेस प्लान्ट बाहेक) धातुलाई पोलेर बन्द वा खुला डाइहरू वा पिट्ने हथौडाहरूले पिटेर आकार दिने (मोहोर लगाउने सहित) कार्यमा पूर्ण रूपमा प्रयोग गर्ने वा मुख्य गरि त्यसको छेउमा ती उपकरणहरू प्रयोग भइरहेको बेलामा कार्य गर्ने;
5. कपडा निर्माणमा काम गर्ने जहाँ पूर्ण रूपमा प्रयोग गर्ने वा मुख्य गरि कोठामा वा छायाँमा काम गरिन्छ जहाँ मानव-निर्मित वा प्राकृतिक (खनिज सहित) फाइबरहरू बुन्ने काममा मेशिनहरू संलग्न हुन्छन् वा फाइबरलाई उच्च गतिमा बेरिन्छन्;
6. धातुको किलाकाँटा वा स्क्रूलाई काट्न, आकार दिन वा सफा गर्न मेशिनको पूर्ण रूपमा प्रयोग गर्ने वा मुख्य गरि त्यसको छेउमा कार्य गर्ने;
7. जमेको धातुमा प्लाज्मा स्प्रे गनको पूर्ण रूपमा प्रयोग गर्ने वा मुख्य गरि त्यसको छेउमा काम गर्ने;
8. निम्न मध्ये कुनै पनि मेशिनहरूको पूर्ण रूपमा प्रयोग गर्ने वा मुख्य गरि त्यसको छेउमा काम गर्ने : बहु-कटर आकार दिने मेशिन, समतल पार्ने मेशिन, स्वचालित वा अर्ध-स्वचालित लेथहरू, बहु तेर्सो काट्ने मेसिन, स्वचालित आकार दिने मेशिन, दोहरो-किनारा खाँचा काट्ने मेशिनहरू, ठाडो धुरामा आकार दिने मेशिनहरू (उच्च-स्पीड राउटिंग मेशिन सहित), किनारा मोड्ने मेशिनहरू, कम्तीमा 75mm चौडाई भएको ब्लेड सहितको ब्यान्डस मेशिनहरू र गोलाकार आरी मेशिनहरू;
9. चेन आरीको प्रयोग;
10.* निर्माण साइटहरूमा ठोक्ने थुप्रो वा धातुको फल्याकहरूको पूर्ण रूपमा प्रयोग गर्ने वा मुख्य गरि त्यसको छेउमा मेशिनको संलग्नता;
11.* पूर्ण वा मुख्य गरि घर्षण विस्फोटन संचालनको नजिकै काम गर्ने;
12. शिसाको पिसाईमा संलग्न मेशिनहरूको पूर्ण रूपमा प्रयोग गर्ने वा मुख्य गरि त्यसको छेउमा प्रयोग गर्ने;
13. चट्टान वा ढुंगाको रोडा टुक्र्याउने वा छान्ने कार्यमा संलग्न मेशिनहरूसँग पूर्ण रुपमा वा मुख्य गरि त्यसको छेउमा काम गर्ने;
14. पूर्ण रूपमा प्रयोग गर्ने वा मुख्य गरि त्यसको छेउमा, प्लास्टिकको सामग्रीको दाना बनाउन संलग्न मेशिनहरूको प्रयोग गर्ने;

15. जहाजहरूको कत्ला हटाउनको लागि मेशिन वा हाते उपकरणहरूको पूर्ण रूपमा प्रयोग गर्ने वा मुख्य गरि त्यसको छेउमा काम गर्ने;
16. आन्तरिक दहन इन्जिन वा टर्बाइन वा दबाबयुक्त ईन्धन बर्नर वा जेट इन्जिनहरूसँग पूर्ण रूपमा प्रयोग गर्ने वा मुख्य गरि त्यसको छेउमा काम गर्ने;
17. कारको ढाँचा मर्मत, वा हाते हथौडीको प्रयोग गरेर धातुको वस्तुहरू बनाउन पूर्ण रूपमा प्रयोग गर्ने वा मुख्य गरि त्यसको छेउमा काम गर्ने;
18. प्लास्टिकको सामग्रीहरू निकाल्ने काममा संलग्न मेशिनहरूको पूर्ण रूपमा प्रयोग गर्ने वा मुख्य गरि त्यसको छेउमा काम गर्ने;
19. कागज कुच्याउने मेशिनहरूको पूर्ण रूपमा प्रयोग गर्ने वा मुख्य गरि त्यसको छेउमा काम गर्ने;
20. पूर्ण वा मुख्य रूपले दबाबयुक्त भापको प्रयोग गरेर ब्लिचिंग र डाई गर्ने मेशिनको प्रयोग पूर्ण रुपमा वा मुख्य गरि त्यसको छेउमा काम गर्ने;
21. पूर्ण वा मुख्य रूपमा शीशाको बोतलको लाइनहरूसँग पूर्ण रुपमा वा मुख्य गरि त्यसको छेउमा काम गर्ने;
22. पूर्ण वा मुख्य रूपमा धातुको क्यान बोतलको लाइनहरूसँग पूर्ण रुपमा वा मुख्य गरि त्यसको छेउमा काम गर्ने;
23. कागज कुच्याउने मेशिनहरूको पूर्ण रूपमा प्रयोग गर्ने वा तिनीहरू प्रयोग भइरहेको भेलामा मुख्य गरि त्यसको छेउमा काम गर्ने;
24 उच्च गतिको वेब-फेड अफसेट प्रिन्टिंग मेशिनहरूको प्रयोग, वा तिनीहरूको पूर्ण रूपमा प्रयोग गर्ने वा तिनीहरू प्रयोग भइरहेको भेलामा मुख्य गरि त्यसको छेउमा काम गर्ने;
25.* बन्दुक फायरिंग संचालनको पूर्ण रुपमा वा मुख्य गरि त्यसको छेउमा काम गर्ने;
26. पूर्ण वा मुख्य रूपमा तत्काल वरपरको ठाउँमा काम गर्नुहोस् जहाँ वध गर्ने उद्देश्यको लागि सुँगुरहरूलाई बिजुलीको झड्का दिइने ठाउँमा पूर्ण रुपमा वा मुख्य गरि त्यसको छेउमा काम गर्ने;
27. जुवा अध्यादेश (क्याप. 148) को धारा 22 (1)(b) अन्तर्गत लाइसेन्स प्राप्त महजोंग पार्लर भित्र महजोंग खेल्ने (मुख्य कर्तव्यको रूपमा);
28. डिस्कोथेकको नाँच क्षेत्रमा वा त्यसको छेउमा पेय पदार्थहरू (मुख्य कर्तव्यको रूपमा) तयारी गर्ने वा सेवा प्रदान गर्ने; वा
29. डिस्कोथेकमा रेकर्ड गरिएका संगीत बजाउने र प्रसारण गर्ने नियन्त्रण गर्ने प्रणाली वा अपरेटिंग सिस्टम ।

* यी 4 वटा होहल्लाका पेशाहरूको लागि 5 बर्षको रोजगार मात्र आवश्यक छ ।

◎ **निर्दिष्ट होहल्लाका पेशाहरूको उदाहरणहरू :**

- न्युमेटिक ड्रिलहरू, थुप्रो ड्राइभरहरू वा निर्माण साइटहरू वा खानीहरूमा चट्टान-टुक्र्याउने मेशिनहरूको प्रयोग;
- कपडा कारखानामा काट्ने वा बुन्ने मेसिनहरूको प्रयोग;
- धातुको काम गर्ने कारखानाहरूमा पावर प्रेस वा लेथको प्रयोग;
- लेथ, समतल गर्ने मेशिन, गोलाकार आरा मेशिन वा सिकर्मी काममा उच्च-गतिको राउटिंग मेशिनको प्रयोग;
- प्लास्टिक कारखानाहरूमा प्लास्टिकको दाना बनाउने मेशिनहरूको प्रयोग ।

## *आवेदन गर्ने प्रक्रियाहरू*

◎ **कसरी आवेदन गर्ने?**

दावीकर्ताले एउटा आवेदन फारम भरेर त्यसलाई व्यवसायिक बहिरापन क्षतिपूर्ति बोर्डमा बुझाउनुपर्छ ।

◎ **दावीकर्ताले बोर्डलाई कुन सूचना प्रदान गर्नुपर्छ ?**

व्यक्तिगत विवरण बाहेक, दावीकर्ताले होहल्ला व्यवसायमा उसको / उनको अघिल्लो रोजगारीको बारेमा निम्नानुसार विवरणहरू प्रदान गर्नुपर्छ :

1. रोजगारदाताको नाम, सम्पर्क ठेगाना र टेलिफोन नम्बर;
2. रोजगारीको मिति, पद, आम्दानी र होहल्लाका उपकरणहरू / मेशिनहरूको प्रयोगसँग सम्बन्धित विवरण; र
3. सम्बन्धित रोजगारमा दावीकर्ताको संलग्नताको बारेमा जानकार दुईजना सहकर्मीहरूको सम्पर्क ठेगाना र टेलिफोन नम्बरहरू ।

◎ **दावीकर्ताले किन आफ्ना सहकर्मीहरूको बारेमा जानकारी प्रदान गर्नुपर्छ ?**

दावीकर्ताको रोजगार ईतिहासको प्रमाणीकरण गर्दा, बोर्डले उसको रोजगारको विवरण स्पष्ट पार्न उसको / उनको सहकर्मीहरुलाई सम्पर्क गर्नुपर्ने हुनसक्छ ।

◎ **दावीकर्ताले आवेदन पेश गर्दा कागजात प्रमाण पेश गर्नुपर्छ?**

दावीकर्ताले सकेसम्म उसको / उनको पेशाको होहल्ला व्यवसायमा पुष्टि गर्न सक्ने कुनै कागजात प्रमाणहरू पेश गर्न यथासक्दो कोशिश गर्नुपर्छ । केही उदाहरणहरूमा :

1. रोजगारदाताले दावीकर्ताको रोजगारको अवधि, पद र आम्दानीको अवधि प्रमाणित गरेर जारी गरेको पत्र;
2. रोजगारका सम्झौताहरू;
3. सेवा अन्त्यको भुक्तानी वा समाप्तीको भुक्तानीको गणना गरिएको जानकारी;
4. रोजगारदाताहरूद्वारा पेश गरिएको तलब कर फिर्ता;
5. अनिवार्य प्रोभिडेन्ट फण्डमा उपयुक्त योगदान सम्बन्धि कागजातहरू; वा
6. ज्याला रसिदहरू, आदि

यसबाहेक, दावीकर्ताले उसको आवेदनको मिति भन्दा पहिले निर्दिष्ट होहल्लाको पेशामा उसको / उनको पछिल्लो 12 महिनाको रोजगारको आम्दानीको कागजी प्रमाण पनि प्रदान गर्नुपर्नेछ ।

◎ **बोर्डले कसरी क्षतिपूर्तिको लागि आवेदनलाई प्रक्रिया गर्छ ?**

बोर्डले आवेदन प्राप्त गरेपछि, यसले सबैभन्दा पहिले रोजगार प्रमाणीकरण गर्नेछ । दावीकर्ताको रोजगार विवरण प्रमाणित गर्नको लागि दावीकर्ताको रोजगारदाता र सहकर्मीहरूलाई सम्पर्क गरिनेछ ।

प्रमाणीकरण गरेपछि, बोर्डले व्यावसायिक आवश्यकताहरू पूरा गर्न सुन्ने क्षमताको आंकलन गराउनको लागि दावीकर्तालाई सूचित गर्नेछ । दावीकर्ताले सुन्ने क्षमता गुमाउने आवश्यकताहरू पूरा गर्छ कि गर्दैन भनेर पत्ता लगाउनको लागि बोर्डले व्यवस्था मिलाएको सुन्ने क्षमताको जाँच र चिकित्सा जाँचमा भाग लिनुपर्छ ।

दावीकर्ताले क्षतिपूर्तिको आवश्यकता पूरा गरेको पुष्टि गरेपछि बोर्डले उस / उनलाई क्षतिपूर्तिको निर्धारणको प्रमाणपत्र जारी गर्नेछ । प्रमाणपत्रले व्यवसायिक बहिरापन र क्षतिपूर्ति योग्य भुक्तानीको परिणामबाट आएको स्थायी असक्षमताको प्रतिशत उल्लेख गर्नेछ । यदि दावीकर्ता क्षतिपूर्ति गर्ने रकममा सहमत भएमा, बोर्डले सोही अनुसार उसलाई भुक्तानी जारी गर्नेछ । दावीकर्ताले भुक्तानी प्राप्त गरिसकेपछि क्षतिपूर्तिको रकममा आपत्ति गर्ने अधिकार गुमाउनेछ ।

यदि कुनै पनि चरणमा, बोर्डले एक दावीकर्ता क्षतिपूर्तिको हकदार नभएको निर्धारण गरेमा, यसले उसलाई / उनलाई अस्वीकारको सूचना जारी गर्नेछ । अस्वीकारका कारणहरू सूचनामा उल्लेख गरिनेछ ।

◎ **यदि दावीकर्ता बोर्डको निर्णयबाट सन्तुष्ट नभएमा, उसले / उनले के गर्नुपर्छ ?**

दावीकर्ताले अस्वीकारको सूचना वा क्षतिपूर्ति निर्धारण प्रमाणपत्र शुरुवातको मितिले 14 भित्र आफ्नो कारणहरू उल्लेख गरि बोर्डलाई आफ्नो निर्णयको समीक्षा गर्नका लागि बोर्डलाई लिखित अनुरोध पठाउन सक्नेछ । अनुरोध प्राप्त भएपछि, बोर्डले आवेदन समीक्षा गर्नेछ र दावीकर्तालाई लिखितमा परिणामको जानकारी गराउनेछ ।

◎ **यदि दावीकर्ता अझै पनि समीक्षाको परिणामबाट सन्तुष्ट नभएमा उ / उनले के गर्छ ?**

बोर्डले गरेको समीक्षाको नतीजाबाट सन्तुष्ट नभएको दावीकर्ताले जिल्ला अदालतमा अपील गर्न सक्छ । जिल्ला अदालतले समयावधि विस्तार गर्न सहमत नगरेसम्म, बोर्डले समीक्षाको निर्धारण गरेको मितिले 6 महिना भित्र पेश गर्नु पर्नेछ ।

◎ **यदि दावीकर्ताको आवेदन बोर्डले अस्वीकार गरेमा के उसले / उनले फेरि आवेदन गर्न सक्छ ?**

***सुन्ने क्षमता गुमाएको आवश्यकताहरू*** पुरा गर्न असफल भएको कारणले 6 मार्च 1998 मा वा त्यसपछि आवेदन अस्विकार गरिएका दावीकर्ताले यदि यदि ऊ हंगकंगमा कुनै निर्दिष्ट होहल्ला पेशामा कम्तीमा लगातार 2 बर्षको लागि कार्यरत भएमा उसको पहिलो आवेदनको मिति पछि पुन: आवेदन दिन सक्छ ।

यदि दावीकर्तालाई रोजगारीका आवश्यकताहरू पूरा गर्न असफल भएको कारणले अस्वीकार गरिएमा, उसले / उनले आफू रोजगार आवश्यकताहरू पूरा गर्ने ठानेमा, उ / उनी पछिल्लो पटक यस्तो पेशामा काम गरेको मितिले 12 महिना भित्र कुनै पनि समयमा बोर्डमा पुन: आवेदन दिन सक्छ ।

◎ **के दावीकर्ताले आफ्नो आवेदन फिर्ता लिन सक्छ ?**

दावीकर्ताले बोर्ड द्वारा आयोजित सुन्ने क्षमताको जाँच लिनु अघि कुनै पनि समयमा फिर्ता लिन सक्छ । दावीकर्ता बोर्डले आयोजित गरेको कुनै सुन्ने क्षमताको जाँचमा सहभागी भइसकेपछि उसले / उनले आवेदन फिर्ता लिने अनुरोध गरे पनि बोर्डलाई उसको / उनको निवेदनमा निर्धारण गर्ने अधिकार प्राप्त हुन्छ ।

*क्षतिपूर्तिको गणना*

◎ **क्षतिपूर्तिको रकम कसरी तोकिन्छ ?**

दावीकर्तालाई भुक्तानी योग्य क्षतिपूर्तिको रकम आवेदनको समयमा उसको उमेर, मासिक आम्दानी र स्थायी असक्षमताको प्रतिशत / स्थायी असक्षमताको अतिरिक्त प्रतिशतको आधारमा निम्नानुसार निर्धारित गरिन्छ :

| ***उमेर*** | ***क्षतिपूर्तिको रकम*** | | |
|---|---|---|---|
| 40 बर्ष भन्दा कम | 96 महिनाको आम्दानी | X | स्थायी असक्षमताको % (पहिलो पटकको क्षतिपूर्ति) |
| 40 देखि 56 बर्ष भन्दा कम | 72 महिनाको आम्दानी | | वा |
| 56 बर्ष वा माथि | 48 महिनाको आम्दानी | | स्थायी असक्षमताको अतिरिक्त % (थप क्षतिपूर्ति) |

◎ **कसरी मासिक आम्दानीको मात्रा तोकिन्छ?**

व्यावसायिक बहिरापन (क्षतिपूर्ति) अध्यादेश अनुसार, मासिक आम्दानी भनेको हंगकंगमा दावीकर्ताले आवेदन गरेको मिति भन्दा पहिले निर्दिष्ट होहल्लाको पेशामा उसको / उनको पछिल्लो 12 महिनाको रोजगारमा उसले / उनले प्राप्त गरेको औसत मासिक आम्दानी हो । यदि दावीकर्ताले उसको / उनको आम्दानीको कागजी प्रमाण प्रदान गर्न नसकेमा वा प्रदान गरिएको प्रमाणलाई बोर्डले स्वीकार नगरेमा, क्षतिपूर्तिको गणना जनगणना र तथ्यांक विभाग द्वारा प्रकाशित हंगकंगको कुल रोजगार जनसंख्याको मध्यस्थ रोजगार आम्दानीको आधारमा क्षतिपूर्तिको गणना गरिनेछ । कुनै पनि अवस्थामा, क्षतिपूर्तिको रकम गणना गर्ने उद्देश्यको लागि अधिकतम सिमाको रकम 38,670 डलर रहनेछ ।

बोर्डले मासिक आम्दानी माथि उल्लेख गरे झैं तोक्नेछ, र न्यूनतम ज्याला अध्यादेश अन्तर्गतका सम्बन्धित प्रावधानहरूलाई पनि ध्यानमा राखिनेछ ।

◎ **कुन कागजातहरू आयमा प्रमाणको रूपमा लिइनेछ?**

तल आम्दानीका कागजी प्रमाणहरूका केही उदाहरणहरू छन् :

1. निर्दिष्ट होहल्ला हुने पेशामा रोजगारदाताहरूले दावीकर्ताले प्राप्त गर्ने आम्दानी प्रमाणित गरेर पछिल्लो 12 महिनाको रोजगारको लागि जारी गरेको चिठीहरू;
2. रोजगारदाताहरू द्वारा दायर गरिएको तलब कर फिर्ता;
3. ज्याला रेकर्ड पुस्तकहरु;
4. अनिवार्य प्रोभिडेन्ट फण्डमा योगदानका कागजातहरू; र
5. रोजगारको सम्झौता, आदि

◎ **स्थायी असक्षमताको प्रतिशत कसरी निर्धारण गरिन्छ ?**

दावीकर्ताले भोगेका स्थायी असक्षमताको प्रतिशत निम्न तालिका बमोजिम निर्धारण गरिन्छ :

| | स्थायी असक्षमताको प्रतिशत / औसत सुन्ने क्षमतामा क्षति (dB) 1, 2, 3 kHz फ्रिक्वेन्सीमा बोर्डले निर्धारण गरे झैं | रामो कानको लागि | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | औसत सुन्ने क्षमतामा क्षति (dB) at 1, 2, 3 kHz फ्रिक्वेन्सीमा बोर्डले निर्धारण गरे झैं | 40 dB भन्दा तल | 40 देखि 45 dB भन्दा तल | 45 देखि 50 dB भन्दा तल | 50 देखि 55 dB भन्दा तल | 55 देखि 60 dB भन्दा तल | 60 देखि 65 dB भन्दा तल | 65 देखि 70 dB भन्दा तल | 70 देखि 75 dB भन्दा तल | 75 देखि 80 dB भन्दा तल | 80 देखि 85 dB भन्दा तल | 85 देखि 90 dB भन्दा तल | 90 dB भन्दा माथि |
| खराब कानको लागि | | % | % | % | % | % | % | % | % | % | % | % | % |
| | 40 देखि 45 dB भन्दा तल | 0.5 | 1 | | | | | | | | | | |
| | 45 देखि 50 dB भन्दा तल | 1 | 2 | 5 | | | | | | | | | |
| | 50 देखि 55 dB भन्दा तल | 1.5 | 3 | 6 | 10 | | | | | | | | |
| | 55 देखि 60 dB भन्दा तल | 2 | 4 | 7 | 11 | 15 | | | | | | | |
| | 60 देखि 65 dB भन्दा तल | 2.5 | 5 | 8 | 12 | 16 | 20 | | | | | | |
| | 65 देखि 70 dB भन्दा तल | 3 | 6 | 9 | 13 | 17 | 21 | 25 | | | | | |
| | 70 देखि 75 dB भन्दा तल | 3.5 | 7 | 10 | 14 | 18 | 22 | 26 | 30 | | | | |
| | 75 देखि 80 dB भन्दा तल | 4 | 8 | 11 | 15 | 19 | 23 | 27 | 31 | 35 | | | |
| | 80 देखि 85 dB भन्दा तल | 4.5 | 9 | 13 | 17 | 21 | 25 | 29 | 33 | 37 | 43 | | |
| | 85 देखि 90 dB भन्दा तल | 5.5 | 11 | 14 | 18 | 22 | 26 | 30 | 34 | 38 | 45 | 51 | |
| | 90 dB भन्दा माथि | 6.5 | 13 | 16 | 20 | 24 | 28 | 32 | 36 | 40 | 46 | 53 | 60 |

# सोधपुछ

यदि तपाईंलाई थप जानकारी चाहिएमा कृपया पेशागत बहिरापन क्षतिपूर्ति बोर्डलाई सम्पर्क गर्नुहोस् ।


**ठेगाना :** **Office A-B, Billion Plaza II**
**10 Cheung Yue Street**
**Cheung Sha Wan**
**Kowloon**

**टेलि. :** **2723 1288 / 2723 1928**

**फ्याक्स :** **2581 4698**

**इमेल :** **contact@odcb.org.hk**

**वेबसाइट :** **http://www.odcb.org.hk**


*(04/25)*